स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी फागुन १८ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'अगस्त्य'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'भ्यालेन्टाइन विक'को अवसर पारेर सार्वजनिक 'मायामा तिम्रै मायामा' बोलको गीतमा अभिनेता सौगात मल्ल र अभिनेत्री मलिका महत फिचरिङ छन् । गीतले उनीहरुबीचको प्रेमभाव बोल्छ । गीतमा तराई क्षेत्रको भूगोल र त्यहाँको जनजीवनलाई आकर्षक रुपमा चित्रण गरिएको छ । गीतमा रोमान्टिक देखिएका सौगातले फिल्ममा एक्सनदेखि मानसिक सन्तुलन गुमेको चरित्रसम्म निभाएका छन् ।

आजको विचार...



मनोज लामिछाने

नेपाललाई...

(दुई पेजमा)



आगामी फागुन महिना अभिनेत्री रेखा थापाका लागि विशेष छ । यो महिनामा उनको दुईवटा उपहार आउँदैछ । उनले ५ वर्षपछि कमब्याक गरेको फिल्म 'उपहार' फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ भने त्यसभन्दा अगाडि उनी आमा भइसकेकी हुनेछिन् । यतिबेला उनी श्रीमानसँग अमेरिकामा छिन् । उनले अमेरिकाबाटै डिजिटल माध्यमबाट फिल्मको प्रचार गरिरहेकी छन् । यसबीच, रेखाको युट्युब च्यानलमा फारुक कैसरले लिएको एक अन्तर्वार्तामा उनले अहिले बनिरहेका फिल्मभन्दा 'उपहार' उत्कृष्ट रहेको दाबी गरेकी छन् ।

❑ वर्ष २९ ❑ अंक १९४ ❑ २०८० माघ २८ गते आइतबार 11 February 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### रूसी ड्रोन आक्रमणमा सात जनाको मृत्यु



(रासस/एएफपी)

**कीएभ** माघ २७/पूर्वी युक्रेनको खार्किभ शहरमा रहेको एक पेट्रोल पम्पमा शनिबार भएको रुसी ड्रोन आक्रमणमा परी तीन बालबालिका सहित सात जनाको मृत्यु भएको क्षेत्रीय गभर्नरले बताएका छन् । 'खार्किभमा कब्जाधारीहरूले गरेको आक्रमणबाट मृत्यु हुनेको सङ्ख्या सात पुगेको छ,' ओलेग सिनेगुबोभले टेलिग्रामको सामाजिक सञ्जालमा भने । मृतक मध्ये क्रमश : ७ र ४ वर्ष र छ महिनाका बालबालिका रहेका छन् ।

खार्किभका मेयर इगोर टेरेखोभले आक्रमणका कारण इन्धन केन्द्रमा विस्फोट हुँदा नजिकैका घरहरूमा क्षति हुँदा घरभित्र रहेका कम्तीमा ५० जनालाई सुरक्षित स्थानमा सारिएको बताए । 'शत्रुको इरान निर्मित ड्रोनले पेट्रोल पम्पमा प्रहार गर्दा इन्धन विस्फोट भई १४ वटा निजी घरहरू जलेका छन्,' उनले भने । खार्किभका क्षेत्रीय अभियोजक ओलेक्सान्डर फिलाचकोभले खार्किभको नेमिश्ल्यान्स्की जिल्लामा तीनवटा ड्रोन प्रहार गरिएको बताए । खार्किभ र क्षेत्रीय राजधानीको पूर्वमा रहेका एउटा गाउँमा रातको समयमा भएको आक्रमणपछि शनिबार पनि आक्रमणहरू भएका छन् ।

### लुम्बिनी प्रदेशभरका पत्रकार पाल्पामा

# पत्रकार महासंघको सदस्यता शुद्धीकरणमा अन्याय हुने गरी काम हुँदैन : अध्यक्ष लम्साल

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २७/नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले पत्रकार महासंघको सदस्यता शुद्धिकरणमा अन्याय र अपमान हुने गरी काम नहुने बताएका छन् । शनिबार नेपाल प्रेस युनियन पाल्पा शाखाले आयोजना गरेको लुम्बिनी प्रदेशको आम सञ्चार कानुन र सञ्चारकर्मीको अधिकार कार्यशाला गोष्ठीलाई तानसेनमा सम्बोधन गर्दै अध्यक्ष लम्सालले सदस्यता शुद्धिकरणमा अन्याय हुने गरी कुनै पनि काम नहुने बताएका हुन् ।

उनले प्रेस युनियनका कुनै पनि सदस्यले पत्रकार महासंघको सदस्यताका लागि मापदण्ड पुरा गरेर दावी गरेको छ भने उसले कुनै पनि अपमान र अन्याय भोग्न नपर्ने धारणा व्यक्त गरे । अध्यक्ष लम्सालले भने 'म प्रेस युनियनको केन्द्रिय अध्यक्ष हुँ, मेरो संगठनको कुनै साधारण सदस्यले पत्रकार महासंघको लागि दावी गरेको छ, मापदण्ड पुरा गरेर निवेदन दिएको छ, आग्रह -पूर्वाग्रहको आधारमा सदस्यता दिइएको छैन्, नविरकरण गरिएको छैन् र शुद्धिकरणका नाममा कसैलाई अपमान गरेर छुटेको छ भने त्यसलाई जस्ता तस्तै सदस्यता दिने बनाउने जिम्मेवारी मेरो हो र म त्यो गर्छु, तपाई त्यसमा विश्वस्त हुनुहोस् ।' गैर पत्रकारहरुको हातमा पत्रकार महासंघ जाला भन्ने डरले सुर्खेतको साधारण सभामा सदस्यता शुद्धिकरणको प्रस्ताव राखेको उनले बताए । अध्यक्ष लम्सालले भने 'मेनस्टिममा काम गर्ने पत्रकारहरुलाई त फल्नो सहकारीमा काम गर्छ, फल्नो बोडिङ्गमा पढाउन्छस् भन्ने आधारमा सदस्यताबाट बञ्चित गराउनु शुद्धिकरणको प्रयास हैन ।' यदि न्यायोचित ढंगबाट सदस्यता शुद्धिकरण भएन भने हामी जुन मतदाता नामवलीमा विपुल पोखरेल र रोसन पुरीलाई चुनाव जिताएका थियौं त्यही मतदाता नामवलीमा फर्काउन प्रेस युनियन पछि नपर्ने समेत उनले उल्लेख गर्दै भने' त्यसैले तपाई ढुक्क भएर बस्नुहोस् पत्रकार महासंघको सदस्य शुद्धिकरणका विषयमा कसैलाई अपमान र अन्याय हुने गरी काम हुँदैन् ।' अध्यक्ष लम्सालले संगठनको मर्म अनुसार काम गर्न प्रेस युनियनका जिल्ला अध्यक्षहरुलाई आग्रह गरे । उनले भने 'संगठनले गरेका हरेक गतिविधिहरु केन्द्रलाई जानकारी गराउँनुपर्छ । संगठनलाई चलायमान बनाउन देशभर यो वर्षलाई प्रशिक्षणको वर्षको बनाउँदै छौं ।' कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले देश निर्माणमा पत्रकार जंगतको महत्वपूर्ण योगदान रहेको बताए । उनले पछिल्लो समय मुलुक गलत ढंगले अगाडि बढेको भन्दै त्यसलाई सही दिशामा ल्याउन पत्रकाहरु समेत सही ढंगले अगाडि बढ्न आवश्यक रहेको उल्लेख गरे । सभापति श्रेष्ठले भने' देशको चौथो अंगको रुपमा रहेको प्रेस जंगतले राजनीतिक दल र सरकारलाई सही ट्र्याक्मा ल्याउन सही ढंगलले अगाडि बढ्नुपर्छ ।' लुम्बिनी प्रदेश गृह मन्त्रालयका सचिव लालबाबु कवारीले लोक कल्याणकारी विज्ञापन, मिडियामा देखिएका समस्याहरु, ऐन, कानुन बनाउने दिशामा प्रदेश सरकारले प्रभावकारी काम गरेको बताए । उनले सञ्चार जगत महत्वपूर्ण रहेको उल्लेख गरे । सचिव कवारीले भने' प्रदेश सरकार पत्रकारहरु प्रति सकरात्मक छ,त्यसैले पत्रकारहरु समेत सकरात्मक भईदिनुहोस् ।' कार्यक्रममा प्रेस युनियनका केन्द्रीय उपाध्यक्षहरु, जीवन भण्डारी, माधव अर्याल, युनियनका केन्द्रिय महासचिव दिलिप पौड्याल, नेपाली काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराई, युनियनका सल्लाहकार झपेन्द्र गहिरे लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा युनियन लुम्बिनी प्रदेशका अध्यक्ष सुदिप गौतमले लुम्बिनी प्रदेशको आम सञ्चार कानुन र सञ्चारकर्मीको अधिकारका बारेमा प्रस्तुती राखेका थिए । उनले प्रदेश सरकारले मिडिया सम्बन्धी ऐन ल्याए पनि त्यो मिडियामैत्री बन्न नसकेको बताए । उनले भने' प्रदेश सरकारले मिडिया ऐन ल्याएको छ तर त्यसले मिडियालाई नै ठगेको छ ।' युनियनका पूर्व वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले कार्यक्रम माथि प्रकाश पार्दै पत्रकारको अधिकार सुनिश्चित गर्न स्थानीय, प्रदेश र संघीय सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । गोष्ठीमा प्रदेश भित्रका प्रतिनिधिमूलक पत्रकारहरुको उपस्थिती रहेको थियो । युनियन पाल्पा शाखाकी अध्यक्ष मन गहिरेको अध्यक्षता, उपाध्यक्ष रामचन्द्र रायमाझीको स्वागत, सचिव विष्णु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।




# विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाइँदै

**पाल्पा,** माघ २७/विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस आज मनाइँदै छ । संयुक्त राष्ट्रसंघद्वारा प्रत्येक वर्ष ११ फेब्रुअरीमा विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाउँदै आइएको छ ।

नेपालसहित विश्वभर विज्ञानमा महिलाको भूमिका र योगदानको सम्झना गर्दै तथा खुसी साटासाट गरी यो दिवस मनाउँदै आइएको हो । अहिलेको युग विज्ञान र प्रविधिको युग हो । अहिले दिनप्रतिदिन विज्ञानको महत्व अत्यन्त बढेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्न यो दिवस मनाइनुको खास उद्देश्य हो ।

महिला समानताको लागि थुप्रै पहल संसारभरि नै हुने गर्दछ । तर, दिन प्रतिदिन विज्ञानको महत्व बढिरहेको हाम्रो युगमा यदि हाम्रा महिलाहरू विज्ञानमै पछाडी रहे भने, आउँदो समयमा के महिला सशक्तीकरण सम्भव छ त ? हामी मध्य धेरैले यो कुरा सोचेका छैनौ होला । त्यसै कारण हरेक वर्षको फेब्रुअरी ११ का दिन संयुक्त राष्ट्र संघले यो चिन्ताको विषयमा प्रकाश पार्न आजको दिन मनाउने गरेको छ ।

# पर्यटकको बसाइ लम्ब्याउने रामपुरको चिन्ता

**सुशीला रेग्मी**

**रामपुर (पाल्पा),** माघ २७/कालीगण्डकी सभ्यतासँग जोडिएको स्थलसमेत हो पाल्पाको पर्यटकीय गन्तव्य रामपुर । भूगोलले चिटिक्क सजिएको वरपर डाँडाकाँडाले घेरिएको काठमाडौं उपत्यकाकै झल्को दिने गन्तव्य पनि हो यो । लामो समयसम्म सडक सञ्जालले नजोडिँदा मौलिक पहिचान नै कताकता हराए जस्तै बनेको यो स्थल सडक पूर्वाधारकै अभावमा लामो समयसम्म विकासमा पछि परेको थियो ।



विकास अभावका कारण जिल्ला सदरमुकाम तानसेनबाट दुर्गमको निशानामा पर्थ्यो । रामपुर ठूला सहरसँग जोडिएला भन्ने स्थानीयवासीको कल्पना पनि थिएन । बत्तीमुनिको अँध्यारोमा रहेको रामपुर अहिले देशकै ठूला सहरसँग सिधा सडकमार्गले जोडेपछि आशालाग्दो र भविष्यमा मुलुककै नमुना पर्यटकीय सहर बन्ने सम्भावना बोकेको छ । सडक सुविधा पुगेपछि बस्ती बाक्लिदै गयो, व्यापार व्यावसाय धमाधम खुल्न थाले । रामपुर कस्तो होला भन्ने कौतुहलता सबैमा थियो तर आउने वातावरण बनेको थिएन । राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडकमार्ग खुलेपछि रामपुरमा पर्यटक भित्रिन थालेका छन् । विभिन्न ठाउँ-ठाउँबाट घुमघाम गर्न आउनेको चहलपहल देखिन्छ । हिजो सडक समस्याले पर्यटक आउन सक्ने वातावरण बनेन, अहिले सडक जोडिएपछि पर्यटक आउँछन्, अवलोकन गर्छन्, लगत्तै फर्कन्छन् । बाहिरबाट घुम्न आएका पर्यटकलाई यहीँ बस्ने वातावरण नबन्दा आयस्रोतको माध्यमका रुपमा पर्यटन व्यावसायलाई बनाउन नसकिरहेको अवस्था छ । कालीगण्डकी करिडोर सडकको कारणले पछिल्लो समय रामपुर आउने पर्यटकको आकर्षण बढ्दो छ तर बाँस नै बस्ने अति न्युन छन्, केही ठाउँ अवलोकन गरेर अन्यत्र नै बसोबास गर्न आफ्नो गन्तव्य तय गर्ने गरेको पूराना पत्रकार बासुदेव ढकाल बताउन्छन् । 'रामपुरलाई आधार मानेर आवतजावत गर्ने यात्रु तथा पर्यटकले बाँस बस्न त परै जाओस् खाजा समेत नखाइकन यसो हेरेर अन्यत्र गएर बसोबासको गन्तव्य तय गर्दछन्, पर्यटक भुलाउने वातावरण सरोकारवालाले तयार पार्नुपर्दछ, विकासले मात्रै पर्यटक बस्ने वातावरण बन्दैन' उनले भने । बाहिरबाट घुम्न आएका पर्यटक रामपुरमै बसोबास गर्ने वातावरण तय नगर्दासम्म यहाँको आयस्रोतमा बृद्धि नहुने पत्रकार ढकालको अनुभव छ । रामपुरमा होटल व्यावसाय खुल्ने क्रम बढे पनि बसोबासका लागि बाहिरी होटलको तुलनामा बाहिरबाट आउने पाहुनालाई आदर सत्कार छैन, एक ठाउँमा पुगेको पर्यटकलाई अन्य ठाउँमा घुम्ने वातावरण बनाउन एक अर्काबीच समन्वय नहुनु, पर्यटकलाई बस्ने माध्यम बनाउन समन्वयको खाँचो रहेको छ ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विज्ञानमा महिला पहुँच

हरेक वर्ष फेब्रुअरी ११ मा विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर यो दिवस मनाइँदे छ । आधुनिक विश्वमा विज्ञान र प्रविधि अनि नवप्रवर्तनमा महिलाहरूको योगदानको कदर गर्ने र उनीहरुलाई विज्ञानको पहुँचमा पुऱ्याउन विशेष दिनको रूपमा यो दिनलाई लिइन्छ । तर नेपालमा मात्र नभई विश्वका विकसित मुलुकहरूमा विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा महिलाको उपस्थिति भने कम रहेको देखिन्छ । अहिलेको अवस्थामा महिलाको सहभागिता संख्या ३० प्रतिशतभन्दा कम छ । यो आँकडाले नै महिला पछाडी परेको पुष्टि हुन्छ ।

पछिल्लो समय नेपालमा महिलाहरू विज्ञान प्रविधि क्षेत्रमा अग्रसर भएको देखिए पनि नेतृत्व तहमा पछि नै छन् । व्यवस्थापनमा महिलाहरू अगाडि भए पनि विज्ञान प्रविधिका पक्षमा पर्याप्त अग्रता लिन सकेका छैनन् । समाजमा अझै पनि महिलाले सूचना प्रविधिसँग सम्बन्धित तथा प्राविधिक काम गर्न सक्दैनन् भन्ने मान्यता व्याप्त छ । सरकारको योजनाबद्ध कार्यक्रम तथा डिजिटल साक्षरताको कमीले अझै पनि यो क्षेत्रमा महिलाहरू पछाडी नै छन् । दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच कम रहेकाले त्यहाँका महिलाको अवस्था झनै दयनीय छ । पुरुषभन्दा कम वेतनमा महिलाहरू कार्यरत रहनु, गरिबी र द्वन्द्वको असर पनि लैङ्गिक केन्द्रित रहनु, घर परिवारदेखि समूह, समाज र कार्यालय जतासुकै महिला केवल प्रदर्शनका लागि मात्र हुनु दुःखद पक्ष नै हो । प्रत्येक अभिभावकले लिंगका आधारमा छोराछोरीलाई भेदभाव गर्नु हुन्न । उनीहरूको इच्छा अनुसार शिक्षामा लगानी गर्नु अहिलेको आवश्यकता हो । यदि महिलालाई घर–परिवारले नै सहयोग गरेर शिक्षामा अगाडि ल्याउन सकियो भने विज्ञान–प्रविधिको क्षेत्रमा पनि उनीहरूको उपस्थिति बढ्छ । महिलाहरूले पनि विज्ञान र प्रविधिका क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेल्नका लागि अठोट गर्न जरुरी छ । महिलाले पनि विज्ञान र प्रविधिमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले पनि यी क्षेत्रमा उनीहरूको सहभागितालाई बलियो बनाउनुपर्छ भन्ने मान्यता स्थापित गर्न आवश्यक छ । महिलाको समान पहुँचलाई सुनिश्चित गर्न तथा अवसरका ढोका खोलिदिन सकियो भने मात्र विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । यसर्थ यसतर्फ समम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

संसारको सबैभन्दा राम्रो बिरुवा बिश्वास हो,
जो जमिनमा होइन मनमा उम्रने गर्छ ।।

(उमा भण्डारीको फेसबुक स्टाटस *https://www.facebook.com/Nightingale103*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाललाई भ्रष्टाचारमा सधै दोहोरो अंकको अग्रसरता



**मनोज लामिछाने**

*ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०२३ को भ्रष्टाचार अवधारणा सूचांक (सीपीआई) को प्रतिवेदन हेर्ने हो भने नेपाल भ्रष्टाचार व्याप्त मुलुकको सूचीमा पर्दछ । सीपीआई प्रतिवेदनले नेपाललाई १०० मा ३५ अंक दिएको छ । यसको मतलब १८० मुलुकमध्ये नेपाल १०८ औँ स्थानमा छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले दिएको तथ्यांकअनुसार नेपाल यस वर्ष पनि व्यापक भ्रष्टाचार हुने मुलुकको सूचीमा परेको छ । यसको अर्थ नेपालले सदा झैँ यस वर्ष पनि भ्रष्टाचारमा दोहोरो अंकको महारथी हासिल गरेको छ । यस महासन्धिमा कूल ७३ वटा धारा रहेका छन् । जसमा भ्रष्टाचार हुनसक्ने लुप होलहरू बन्द गर्ने कुरा उल्लेख गरिएको छ । भ्रष्टाचारको नियन्त्रणका लागि देशहरूले आफ्ना कानूनी नीतिगत संस्थागत तथा कार्यगत प्रबन्ध तथा विश्वव्यापी सहकार्यमा जोड दिनुपर्छ भनिएको छ । भ्रष्टाचार नियन्त्रण तथा त्यसको प्रतिरोध सम्बन्धी उपाय अझ दक्षतापूर्वक र प्रभावकारी रूपमा विकसित र सुदृढ गर्नु, भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहायतामा अभिवृद्धि, सहजीकरण र समर्थन गर्नु भन्ने कुराहरु उल्लेख गरिएको छ ।*

नेपाललमा भ्रष्टाचार एउटा जटिल सामाजिक, राजनीतिक र आर्थिक समस्याको रुपमा देखिएको छ । भ्रष्टाचारले लोकतन्त्रका मूल्य, मान्यता, नैतिकता, न्याय, विधिको शासनलाई मात्र होइन यसले विश्वकै अर्थतन्त्रलाई धरासायी बनाउँछ । यसले कुनै समाज, देश मात्र नभएर सम्पूर्ण विश्वलाई नै आक्रान्त बनाएको छ । भ्रष्टाचारको राजनीतिक र भौगोलिक कुनै पनि सीमा नहुने हुँदा यसको नियन्त्रणका लागि अन्तराष्ट्रिय साझा प्रयास बिना असम्भव छ । यसै कारण अन्तर्राष्ट्रिय कानूनविद्हरूले केही निश्चित अन्तर्राष्ट्रिय महत्वका अपराधहरू अन्तर्राष्ट्रिय कानूनमै उल्लेख हुनुपर्छ भन्ने कुरा ल्याएपछि भ्रष्टाचार विरुद्धको महासन्धि ३१ अक्टुबर २००३ मा संयुक्त राष्ट्रसंघको महासभाले आत्मसात् गरी ९ डिसेम्बर २००३ मा हस्ताक्षरका लागि राखिएको थियो भने उक्त महासन्धिमा विश्वका १४० देशले हस्ताक्षर गरेका थिए ।

आजका दिनसम्म उक्त महासन्धिका कूल १८६ सदस्य रहेकोमा १८१ सदस्य राष्ट्रहरू र अन्य केही राज्य पनि रहेका छन् । उक्त सन्धि १४ डिसेम्बर, २००५ देखि लागू भएको हो । संयुक्त राष्ट्रसंघले उक्त सन्धिको हस्ताक्षर गरेको दिन ९ डिसेम्बरलाई भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवसका रूपमा हेरिने गरिएको छ । नेपालले उक्त सन्धिमा १० डिसेम्बर, २००३ मा हस्ताक्षर गरी १४ फेब्रुअरी २०११ मा अनुमोदन भएको र ३० अप्रिल २०११ देखि यो महासन्धि लागू भइसकेको छ । नेपालले भ्रष्टाचार विरुद्धको महासन्धिमा हस्ताक्षर गरेको आज २१ वर्ष नाघिसकेको छ । बिडम्बना नेपालमा भ्रष्टाचार कम हुनुको साटो झन् मौलाउँदै गैरहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०२३ को भ्रष्टाचार अवधारणा सूचांक (सीपीआई) को प्रतिवेदन हेर्ने हो भने नेपाल भ्रष्टाचार व्याप्त मुलुकको सूचीमा पर्दछ । सीपीआई प्रतिवेदनले नेपाललाई १०० मा ३५ अंक दिएको छ । यसको मतलब १८० मुलुकमध्ये नेपाल १०८ औँ स्थानमा छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले दिएको तथ्यांकअनुसार नेपाल यस वर्ष पनि व्यापक भ्रष्टाचार हुने मुलुकको सूचीमा परेको छ । यसको अर्थ नेपालले सदा झैँ यस वर्ष पनि भ्रष्टाचारमा दोहोरो अंकको महारथी हासिल गरेको छ ।

यस महासन्धिमा कूल ७३ वटा धारा रहेका छन् । जसमा भ्रष्टाचार हुनसक्ने लुप होलहरू बन्द गर्ने कुरा उल्लेख गरिएको छ । भ्रष्टाचारको नियन्त्रणका लागि देशहरूले आफ्ना कानूनी नीतिगत संस्थागत तथा कार्यगत प्रबन्ध तथा विश्वव्यापी सहकार्यमा जोड दिनुपर्छ भनिएको छ । भ्रष्टाचार नियन्त्रण तथा त्यसको प्रतिरोध सम्बन्धी उपाय अझ दक्षतापूर्वक र प्रभावकारी रूपमा विकसित र सुदृढ गर्नु, भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहायतामा अभिवृद्धि, सहजीकरण र समर्थन गर्नु भन्ने कुराहरु उल्लेख गरिएको छ । भ्रष्टाचारको निराकरण हुनु भनेको देशमा असल तथा विधिको शासन अथवा सुशासन हुनु हो । सुशासनका निम्ति नियम कानून विधि र प्रक्रिया पहिलो शर्त हो । सुशासनले भ्रष्टाचार सहँदैन । व्यक्तिमा इमान्दारीको पक्ष कमजोर भयो भने कार्यशैलीमा विकृति र व्यवहारमा विसंगति आउँछ । जुन कुरा पछिल्ला समयमा देखिएका केही घटनाहरुले पुष्टि गरिसकेका छन् ।

नेपालको सार्वजनिक प्रशासनमा परम्परागत सङ्गठनात्मक ढाँचा तथा वैज्ञानिक व्यवस्थापनको अभाव, प्रशासनमा अत्याधिक राजनीतिकरण, कर्मचारीहरुमा व्यावसायिकताको अभाव, अदूरदर्शी नेतृत्व तथा संघीयता कार्यान्वयन हुने अवस्थासम्म समेत केन्द्रीकृत अधिकार, कानूनी जटिलता तथा द्वैअर्थता, स्रोत र साधनको परिचालनमा असक्षमता, प्रशासकीय उत्तरदायित्वको अभाव र नोकरशाही चरित्र, जनताको सेवक बन्न नरुचाउने प्रवृत्ति र नेताको पुच्छर हुने चलन, राज्य संचालकको निहित स्वार्थ जस्ता कुराहरुले सुशासन स्वतःस्फूर्त कार्यान्वयनमा बाधक भइरहेको छ । यसले गर्दा नेपाल कुशासनतर्फ उन्मुख हुँदै गइरहेको छ र नेपालमा भ्रष्टाचारको खाडल बढ्दै गैरहेको छ । विश्वमा भ्रष्टाचारको अवस्था हेर्ने हो भने सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सोमालिया र डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा पर्दछ । १८० देश सम्मिलित यस सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्ट भन्ने जनाउँदछ । ५० भन्दा कम अंक प्राप्त गर्ने मुलुकलाई भ्रष्टाचार व्याप्त मुलुकको रुपमा चिनिन्छ । विश्वका दुई तिहाई भन्दा बढी मुलुकले ५० भन्दा कम अंक पाएका छन् । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०२३ को भ्रष्टाचार अवधारणा सूचांकमा यस वर्षको औसत अंक ४३ रहेको छ । एशिया क्षेत्रको औसत स्कोर ४५ रहेको छ । दक्षिण एशियाली राष्ट्रहरू मध्ये भुटानले ६८ अंक (२६ औं), भारतले ३९ (९३ औं) माल्दिभ्सले ३९ अंक (९३ औं), नेपालले ३५ अंक (१०८ औं), श्रीलंकाले ३४ अंक (११५ औं), पाकिस्तानले २९ अंक (१३३ औं), बङ्गलादेशले २४ अंक (१४९ औं) र अफगानिस्तानले २० अंक (१६२ औं) प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनले ४२ अंक (७६ औं) प्राप्त गरेको छ । नेपालले भ्रष्टाचारमा दोहोरो अंक हासिल गर्नु भनेको सरकार चलाउने जिम्मा लिएर बसेका शासकहरु स्वयं भ्रष्टाचारमा डुब्नु हो । एनसेल प्रकरण, भुटानी शरणार्थी काण्ड, व्हाइट बडी काण्ड, ललिता निवास काण्ड, सुनकाण्ड जस्ता अनेकौं काण्डहरु यसका ज्वलन्त उदाहरण हुन् । यसले नेपाल अन्तर्राष्ट्रिय रुपमा नै बदनाम भैरहेको छ । केही व्यक्तिको भ्रष्ट आचरणका कारण न्यायालय जस्तो पवित्र स्थलमा पनि बेलाबेलामा भ्रष्टाचारका प्रश्न उठ्न थालेका छन् । यो राष्ट्रका लागि दुर्भाग्य हो । कमजोर न्याय प्रणाली, निरंकुश शासन प्रणाली र नेताहरुले न्याय प्रणालीलाई अवमूल्यन गरेका कारण देशमा दण्डहीनता बढ्दै गैरहेको छ भने भ्रष्टाचार मौलाउँदै गइरहेको छ । नेपालमा प्रशासन संयन्त्र चुस्त दुरुस्त नहुनु, कर्मचारीहरु स्वच्छ र पारदर्शी नहुनु, स्वविवेकीय अधिकार नहुनु, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहीको अभाव, अस्पष्ट ऐन तथा विद्यमान कानूनी व्यवस्था, दण्ड र पुरस्कार प्रणालीको अभाव, भ्रष्टाचारलाई कानूनी तथा सामाजिक संरक्षण र स्तरीय अनुगमन मूल्याङ्कन प्रणालीको अभावका कारण नेपालमा भ्रष्टाचार मौलाउँदै गइरहेको छ ।

भ्रष्टाचारका कारण लगानीका स्रोतहरू खेर गइरहेको छ । आर्थिक विकासमा नकारात्मक प्रभाव परेको छ । शक्ति, सम्पत्ति र सत्तालाई केन्द्रीकृत गरिएको छ । सर्वसाधारण नागरिकले सधैं दुःख सास्ती भोग्नु परेको छ । धनी र गरिब बीचको खाडल बढ्दै गैरहेको छ । राजनीतिक व्यवस्थालाई अपारदर्शी र अलोकतान्त्रिक बनाएको छ । भ्रष्टाचारले देशमा गरिबी बढिरहेको छ भने विदेशी लगानी घटिरहेको छ । राजनीतिक अर्थ व्यवस्थामा प्रतिकूल प्रभाव पारेको छ । समाजमा द्वन्द्व सिर्जना गरेको छ । गरिब नेपालीको रगत र पसिनाले आर्जित गरेर राज्यको ढुकुटीमा जम्मा गरेको रकम कमजोर शासन प्रणालीका कारण केही सीमित व्यक्तिको गोजीमा पुगेको छ । राज्य संचालकहरु सच्चा र इमान्दार नबनेसम्म, जनताको एक पैसा हिनामिना गरे पनि निजलाई कानूनको कालकोठरीमा जिन्दगीभरि नकोचेसम्म, सरल सहज तथा पत्यारिलो र सन्तोषजनक कार्यसम्पादन नभएसम्म, जनता सरकारी सेवा प्रवाहबाट सन्तुष्ट बन्ने वातावरण नबनेसम्म, सरकारी करको एक कौडी पनि तलमाथि गर्ने कर्मचारी वा करदायी कानूनको दायरामा नल्याएसम्म, नियम, कानून, विधि र प्रक्रियाको पूर्ण पालना नभएसम्म बेलाबेलामा न्यायालयप्रति उठेका औँलाहरु सदाका लागि अन्त्य नभएसम्म, व्यक्तिगत कमजोरी, संगठनात्मक कमजोरी र प्रक्रियागत कमजोरीमा सुधार नगरेसम्म र प्रत्येक व्यक्तिले आफ्नो काम कर्तव्य र अधिकारप्रति सचेत नभएस्सम्म नेपालले भ्रष्टाचारको मामलामा शून्य सहनशीलताको सपना देख्न असम्भव छ । यसका लागि आजैदेखि सबैले आफ्नो कर्तव्यप्रति ध्यान दिन आवश्यक छ ।

**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सफलताले हौसला जगाउनेछ पछिका लागि विशेष काममा मौका छ । | **तुला** : झैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । |
| **वृष** : शुभचिन्तकहरूले साथ दिनेछन्। राम्रै उपलब्धि दिलाउनेछ । | **वृश्चिक** : आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । |
| **मिथुन** : हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ । | **धनु** : कामको सन्दर्भमा प्रतिष्ठितहरु सँग सहकार्य गर्ने अवसर जुट्नेछ । |
| **कर्कट** : सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । | **मकर** : चुनौतीहरू स्वतः हट्नेछन् भने सफलताले पछ्याउनेछन् । |
| **सिंह** : मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सम्मान प्राप्त हुनेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** : दिन लाभदायक र मनोरञ्जनपूर्ण र हुँनेछ । रमाइलो भेटघाट हुँनेछ । |

# कृषि

## थुलुङ दूधकोशीमा कफीको न्यूनतम मूल्य निर्धारण



सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाले कफीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ । कफी प्रशोधन गरी अन्तराष्ट्रिय बजारमा पुर्‍याउने लक्ष्यका साथ गाउँपालिकाले बुधबार कफीको न्यूनतम समर्थन मूल्य तोकेको हो ।

कफी कृषक तथा अन्य सरोकारवालासँगको अन्तरक्रियापछि वैज्ञानिक ढङ्गबाट मूल्य निर्धारण गरिएको गाउँपालिकाका प्रवक्ता भोजराज कार्कीले जानकारी दिए । उनका अनुसार राष्ट्रिय चिया तथा कफी विकास बोर्डले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यसमेतलाई आधार मानी 'ए' ग्रेडको 'पार्चमेन्ट' कफीको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रू छ सय निर्धारण गरिएको छ । बोर्डले भने सोही कफीको मूल्यप्रति केजी रु पाँच सय निर्धारण गरेको छ । गत मङ्सिर १ गतेदेखि लागू हुनेगरी न्यूनतम समर्थन मूल्य निर्धारण गरी बोर्डले सार्वजनिक सूचना नै जारी गरेको छ । बोर्डको समर्थन मूल्यभन्दा प्रतिकिलो रू एक सय बढी निर्धारण गरिएको गाउँपालिका अध्यक्ष असिम राईले बताए । उनले भने,'थुलुङ दूधकोशी सरकार वास्तविक कृषकको उन्नतिका लागि काम गर्ने सरकार हो, त्यसैले आर्थिक विकासका लागि महत्वपूर्ण कार्यक्रम सञ्चालन गरिरहेका छौं ।' यसअघि थुलुङ दूधकोशी गाउँपालिका-८ देउसामा रहेको देउसा कृषिवन स्रोतकेन्द्रले कृषकको कफी प्रतिकिलो रू पाँच सयले संकलन गर्दै आएको थियो ।

**थुलुङ दूधकोशीमा उत्पादित कफी विश्वमा नै उत्कृष्ट :** थुलुङ दूधकोशीमा उत्पादन भएको कफी विश्वमा नै उत्कृष्ट रहेको अध्ययनले जनाएको छ । इको हिमाल नेपालकै पहलमा यहाँ उत्पादित कफी बेलायत र अष्ट्रेलिया लगायतका राष्ट्रमा नमुना परीक्षणका लागि पठाउँदा उत्कृष्ट प्रमाणित भएको इको हिमाल नेपालका कार्यकारी प्रमुख नारायण ढकालले बताए ।

नमुना परीक्षणका क्रममा कफीको नतिजा उत्कृष्ट पाएपछि कृषकलाई थप हौसला बढेको कार्यकारी प्रमुख ढकालको भनाइ छ । केही वर्षअघि बारीमा लगाइएको कफीको बोट नष्ट गर्न थालेका कृषकले पुन:नयाँ बिरुवा लगाउन थालेका स्थानीयवासी कृषक नेतकुमार राईले बताए । आफूले केही बोट कफी नष्टको अनुभव सुनाउँदै उहाँले स्थानीय सरकारले बजारीकरणको जिम्मा लिएपछि सहज हुने र ढुक्कसँग खेती गर्ने वातावरण सिर्जना भएको सुनाए । थुलुङ दूधकोशीले पालिकामा नै कफी प्रशोधन गर्ने भएपछि यहाँका कृषक खुसी भएका छन् । गाउँपालिका प्रवक्ता कार्कीका अनुसार अहिले कफी प्रशोधन गर्ने मेसिन खरिदलगायत अन्य संरचना निर्माणको तयारी तीव्र पारिएको छ । करिब रू ७० लाखको लागतमा उक्त परियोजनाको कार्य भइरहेको उनको भनाइ छ । उपकरण खरिदमा गाउँपालिका र द ग्लासियर ट्रष्ट बेलायतको लगानी हुनेछ भने अन्य तालिमलगायतमा इको हिमाल नेपालको भूमिका रहने बताइएको छ । यसरी आफ्नै पालिकामा कफी प्रशोधन हुने भएपछि स्थानीयवासी कृषक हर्षित भएका छन् । यसअघि आफूले उत्पादन गरेको कफीले बजार पाउने निश्चित नहुँदा खेतीतर्फ आकर्षण नभएको जनाउँदै देउसाका अगुवा कृषक युवराज राईले थुलुङ दूधकोशीले कृषितर्फ चालेको कदमले उत्साह पैदा भएको बताए । कृषिमा राम्रो सम्भावना भए पनि सरकारको ध्यानदृष्टि नपुगेका कारण विदेश पलायन हुनेदर बढिरहेको बेला स्थानीय सरकारको एकपछि अर्को कदमले गर्दा आफूलाई जापान जाने अवसर प्राप्त हुँदा बेवास्ता गरेको उनले सुनाए । अध्यक्ष राईले राम्रो कफी उत्पादन गर्ने कृषकलाई पुरस्कार दिने बताए । -रासस

## मौरीपालन व्यवसायले बदलिएको भाग्य

सुन्दरबजार नगरपालिका वडा नं ५ का ४६ वर्षीय मीनबहादुर गुरुङ आफूले गर्दै आएको सिकर्मीको काम छाडेर विसं २०६८ मा थप आयआर्जनका लागि कतार गएका थिए । त्यहाँ एक महिना काम गरेर उनले मासिक तलब नेपाली रु १७ हजार जति पाएका हुन् ।

यति रकमले न परिवार खुसी हुने न आफू, न परिवारको भविष्य नै उज्ज्वल बनाउन सकिने भएकाले नेपालमै मौरीपालन व्यवसाय गर्नसके राम्रो हुने थाहा पाएर गुरुङ विदेश पुगेको एक महिनामै स्वदेश फर्किए । विदेश जाँदा लागेको रु एक लाख ५० हजार ऋण पनि तिर्न बाँकी नै थियो । स्वदेश फर्कनासाथ उनले छ-सात महिना सिकर्मीकै काम गरी आएको रकमले ऋणको ब्याज तिर्नुका साथै परिवारको गुजारा पनि चलाउँदै आएका छन् ।

अलि अलि रकम जम्मा गर्दै रु तीन हजार पाँच सयले सुरुमा एक घार मौरीसहितको घार खरिद गरे । त्यसबेला मकैबारीमा काम गर्दैगर्दा मौरीमाथि उडेर गएकाले यस्तो उडेर जाने माहुरी किन्नुभन्दा चामल किनेको भए परिवारले खान त पाउने थिए भन्दै आफूलाई गाली गरेको गुरुङले सुनाए । पहिलोचोटी परिवारको गाली खाए पनि फेरि सोही रकम बराबरको अर्को एक घार मौरीसहितको घार खरिद गरेर काम थालेका व्यवसायी गुरुङले विसं २०६९ मा युवा लक्षित कार्यक्रमबाट रु ४० हजार अनुदान प्राप्त भएपछि सो रकमबाट मौरीसहितको गोल घार थप्दै गएको र पछि यसको सङ्ख्या बढाउँदै अहिले दुई सय ७५ जति घार करिब सात रोपनी जग्गामा फैलिसकेको जानकारी दिए । विसं २०७३ मा सुजिता मौरीपालन तथा घार उद्योग तथा मौरीपालन स्रोत केन्द्र दर्ता गरेर उनले मौरीपालनमात्र नभई मौरीसम्बन्धी घार बनाउने, मौरीसम्बन्धी टोपी, स्टेन, आधार चाका, फ्रेमलगायत आवश्यक सामग्रीसमेत बनाउन थाले ।

सत्र जनालाई रोजगारसमेत दिलाएर व्यवसायी गुरुङले यतिका कर्मचारीबाहेक अन्यलाई समेत रुख काट्ने कामका लागि खटाउने गरिएको बताए । उनका अनुसार मह बिक्री, मौरिसहितका घार, खाली घार, मौरीसम्बन्धी विभिन्न उपकरणका सामग्री बिक्री गरेर बर्सेनि रु तीन करोडभन्दा बढीको कारोबार हुँदै आएको छ ।

आठ-नौ वर्षदेखि सबै खर्च कटाएर रु २५ लाखदेखि रु ३६ लाखसम्म मुनाफा हुँदै आएको छ । प्रतिकिलो रु एघार सयमा मह बिक्री गर्दा गत वर्ष रु तीन करोड ७६ लाखबराबरको कारोबार भएकामा यस वर्ष हालसम्म रु आठ लाख कमाई भइसकेको छ । यहाँ उत्पादित मह लमजुङसहित काठमाडौँ, गोरखा, पोखरालगायत अन्य ठाउँमा पुग्ने गरेका र लमजुङबाहेक विगत पाँच वर्षदेखि कास्की जिल्लास्थित रुपा गाउँपालिकामा ७५ वटा र चितवनमा ५० वटा मौरीको घारसमेत राखिएको व्यवसायी गुरुङको भनाइ थियो । 'मौरीका लागि धेरै खटिराख्नु नपर्ने र समय अनुसार हेरचाह गरे पुग्ने भएकाले बेलाबेलामा आफैं पुगेर हेरचाह गर्दै आएको उनले जानकारी दिए । आफूसहित श्रीमती र पढ्दै गरेका दुई छोरा तथा एक छोरीले सहयोग गर्ने गरेका छन् । व्यवसायी गुरुङले भने, 'पहिला खानालाउन समस्या हुन्थ्यो, अरुसँग ऋण माग्नुपर्ने थियो, घरव्यवहार चलाउनै नसक्ने अवस्थामा थिएँ । गरिब भएकै कारण अरुले हेला गर्दथे । धेरै दु:खकष्ट व्योहोर्नुपर्‍यो तर अहिले धेरै राम्रो भएको छ ।

त्यतिबेलाको दु:ख भुलेको छु । मौरी व्यवसायबाटै सफलता हुँदा यस पेसाले मेरो भाग्य नै बदलियो ।' प्राप्त आम्दानीबाट गाउँ पालिकाको वडा नं ५ गहतेमै लाखौं मूल्यका दुईतले घर, सुन्दरबजारमा एक रोपनी जग्गासमेत उनले जोडिसकेका छन् । गायक पशुपति शर्माको गीत 'मलाई अमेरिका पनि यहीं, बेलायत पनि यहीं, जापान पनि यहीं, चिन्ता छैन केही' भनेजस्तै भइरहेको छ भन्दै उनले गर्न सके विदेशमा मात्र होइन, आफ्नै गाउँ ठाउँमा पनि काम गर्न सकिनेमा जोड दिए । आफूले गर्ने कामको पहिचान गरेर अघि बढ्न सक्नुपर्ने सुझाव दिनुहुने व्यवसायी गुरुङ सुन्दरबजार नगरपालिकाबाट यस वर्ष उत्कृष्ट किसानका रूपमा सम्मानित हुनाका साथै विसं २०७५ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट समेत पुरस्कृत समेत भएका छन् । -रासस

## सोलुखुम्बुमा सुन्तलाको उत्पादन बढ्यो



हिमाली जिल्ला सोलुखुम्बुमा यस वर्ष सुन्तला उत्पादन चार सय मेट्रिकटनभन्दा धेरैले वृद्धि भएको छ । जिल्लामा गत आर्थिक वर्ष २०७९/०८० को तुलनामा चालु आव २०८०/ ०८१ मा चार सय ६९ मेट्रिकटनले वृद्धि भएको कृषि ज्ञान केन्द्र सोलुखुम्बुले जनाएको छ ।

ज्ञान केन्द्रका सूचना अधिकारी कुलबहादुर राईका अनुसार अघिल्लो आर्थिक वर्ष एक हजार छ सय ९० मेट्रिकटन सुन्तला उत्पादन भएको जिल्लामा यस वर्ष दुई हजार एक सय ५९ मेट्रिकटन उत्पादन भएको छ । हाल दुई सय ९५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदै आएको ज्ञान केन्द्रको तथ्याङ्क छ । यसमा दुई सय ५७ हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाले उत्पादन दिएको सूचना अधिकारी राईले बताए । यस वर्ष उत्पादन दिने बिरुवाको सङ्ख्या बढेसँगै उत्पादन पनि बढेको उनको भनाइ छ । जिल्लाको आठ पालिकामध्ये खुम्बु पासाङ ल्हामु गाउँपालिकाबाहेक सबै स्थानीय तहमा सुन्ताल खेती हुने गरेको ज्ञान केन्द्र प्रमुख दुर्गाबहादुर तिरुवाले जानकारी दिए । उनले भने,'सोलुखुम्बु हिमाली जिल्ला भए पनि यहाँको धेरै क्षेत्रमा सुन्तलाखेती राम्रो हुन्छ, खुम्बुमा चिसो भएकाले खेती हुँदैन त्यसबाहेक अरू सबै पालिका क्षेत्रमा यसको खेती राम्रो हुन्छ, गत वर्ष रोग, किरा र फलमा देखिने औँसाले दु:ख दिएकाले सुन्तला उत्पादन घट्यो यस वर्ष बेलैमा उपचार भएर रोग किरा नियन्त्रण हुँदा उत्पादन बढ्यो ।' जिल्लामा उत्पादित सुन्तलाको झण्डै ६० प्रतिशत हिस्सा थुलुङ दूधकोसीले ओगटेको कृषि ज्ञान केन्द्रले जनाएको छ । थुलुङ दूधकोसीको देउसा क्षेत्र सुन्तलाखेतीको प्रचुर सम्भावना बोकेको ठाउँ भएकाले यहाँ बढी उत्पादन भएको ज्ञान केन्द्र प्रमुख तिरुवाले बताए । देउसालाई जिल्लाको सुन्तला भण्डारकै रुपमा लिइन्छ । सदरमुकाम सल्लेरीस्थित साप्ताहिक हाट नयाँबजारमा बिक्रीका लागि ल्याइने अधिकांश सुन्तला देउसाकै हुने गरेको ज्ञान केन्द्रका सुचना अधिकारी राईको भनाइ छ । 'जिल्लालाई देउसाकै सुन्तलाले धानेको छ, अन्य ठाउँहरुमा खासै व्यावसायिक रुपमा सुन्तलाखेती नभए पनि देउसामा व्यावसायिक सुन्तला खेती हुन्छ, यसका कारण देउसाको सुन्तलाले बजार नै ओगटेको छ, त्यहाँको सुन्तला बगान त हेर्दै रहर लाग्दा छन्, देउसाको सुन्तला स्वादको हिसाबले समेत निकै स्वादिष्ट छ त्यही भएर माग पनि राम्रो छ त्यहाँको सुन्तलाको,' उनले भने । ज्ञान केन्द्रको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा एक हजार एक सय ३४ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । यस्तै आर्थिक वर्ष २०७९/०८० मा एक हजार छ सय ९० मेट्रिकटन र चालु आर्थिक वर्ष दुई हजार एक सय ५९ मेट्रिकटन सुन्तला उत्पादन भएको ज्ञान केन्द्रको तथ्याङ्क छ ।

**-हाम्राकुरा डटकम**

## चैतेधानको खेती कसरी गर्ने ?



हामीकहाँ धानलाई मुख्य अन्न बालीका रूपमा लिइन्छ । नेपालको कुल खेतीयोग्य जग्गाको १५.६ लाख हेक्टरमा धानखेती गरिन्छ । हामीकहाँ धानको राष्ट्रिय औसत उत्पादन ३.८ टन प्रतिहेक्टर रहेको छ ।

नेपालमा लगभग ५० अर्ब रुपैयाँ जतिको चामल भारतबाट बर्सेनि आयात गरिन्छ । साना तथा सीमान्त कृषकहरू खेतीलाई परापूर्वकाल आफ्नो मुख्य पेसाको गर्दै आइरहेका छन् । आफ्नो ज्ञान र सीपका आधारमा हावापानी तथा माटो सुहाउँदो धानका जातहरूलाई खेती गर्दै आएका छन् । धानखेतीका लागि खासगरी चिम्टाइलो र दोमट माटो उत्तम मानिन्छ ।

धान बालीलाई चारदेखि ७.५ पीएचसम्म भएको माटोमा लगाउन सकिन्छ ।

**जग्गाको तयारी :** साधारणतया एकपटक माटो पल्टाउने हलोले र दुई-तीनपटक देशी हलोले वा ट्र्याक्टरको सहायताबाट खेत जोती जग्गा तयार गर्न सकिन्छ ।

**बिउको मात्रा :** ४५ केजी प्रतिहेक्टर ।

**ब्याड व्यवस्थापन :** चैतेधानको ब्याड धुले वा हिले दुवै किसिमले राख्न सकिन्छ । ब्याडलाई रोगकिरा र झारपातरहित गर्न ३०० गेजको प्लास्टिकले एक हप्तासम्म बिउ राख्नुभन्दा अगाडि छोप्दा रोगकिरा र झारपातहरूलाई नियन्त्रण गर्न सकिन्छ । ब्याड माघको अन्तिम वा फाल्गुनको दोस्रो हप्तासम्म राख्दा उपयुक्त हुन्छ ।

**चैते धानका प्रमुख जातहरू :** चैत-२, चैते-६, चैते-४, चैते-५, घैया-१, हर्दिनाथ-१, हर्दिनाथ-५, सिएच-४५ ।

**बेर्नाको उमेर र दूरी :** यसलाई २० दिनको बेर्ना रोप्दा उपयुक्त हुन्छ तर केही कारणवश रोप्न सकिएन भने २५ दिनसम्मको बेर्ना रोप्दा पनि सन्तोषजनक उत्पादन लिन सकिन्छ । बोटदेखि बोटको दूरी १५ सेन्टिमिटर र हारदेखि हारको दूरी २० सेन्टिमिटरमा रोप्दा उपयुक्त हुन्छ ।

**मलखादको मात्रा :** माटोको उर्वरा शक्तिलाई ध्यानमा राखी कम्तीमा १० टन प्रतिहेक्टर कम्पोस्ट मल र ८० केजी नाइट्रोजन, ३० केजी फस्फोरस र ३० केजी पोटासप्रतिहेक्टरको दरले प्रयोग गर्नुपर्दछ ।

**सिँचाइ :** सिँचाइ गर्दा अन्तरालमा दिने र सकाउने गर्नु उपयुक्त हुन्छ । यसरी ४० प्रतिशत सिँचाइमा बचत गर्न सकिन्छ ।

**झारपात नियन्त्रण :** धान रोपेको २-३ दिनभित्र दुई मिलि बुटाक्लोर प्रतिलिटर पानीमा मिसाएर प्रयोग गर्ने र रोपेको ३० दिनपछि एकपटक हातले गोडमेल गर्दा झारपात नियन्त्रण राम्रो हुन्छ ।

यदि रोपेको २-३ दिनभित्र बुटाक्लोर छर्न सकिएन भने नुमनिगोल्ड १-२ लिटर प्रतिहेक्टरका दरले रोपेको २५ दिनपछि छर्दा पनि झारपात नियन्त्रण गर्न सकिन्छ ।

**रोगकिरा नियन्त्रण कसरी गर्ने ?** रोगकिरा अवरोधक जातहरू लगाउने । रोगकिरा लागेमा एकीकृत रोगकिरा व्यवस्थापन गर्नुपर्दछ । फट्याङ्गाका लागि मालाथियान धुलो २० किलोग्रामका दरले धानको पातमा एकनासले पर्नेगरी छर्ने । पतेरोका लागि बिहान मालाथियान धुलो २० केजीका दरले धानको पातमा एकनाशले पर्ने गरी छर्ने । मेटासिस्टाक्स १.५ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने । खैरो फड्केका लागि बिफभिन बिसादी १.५-२ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने । पात बेरुवाका लागि मेटासिस्टाक्स १.५ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने वा अरु कुनै सिस्टेमिक बिषादीको प्रयोग गर्ने ।

**डढुवा रोगमा के गर्ने ?**

नाइट्रोजनयुक्त मलखादको कम प्रयोग गर्ने ।

- रोग लागेको खेतबाट सिँचाइ नगर्ने ।
- २० ग्राम गोबबर मल प्रतिलिटर पानीमा मिसाएर छर्ने ।
- एग्रिमाइसिन बिषादी एकदेखि दुई ग्रामप्रति लिटर पानीमा मिसाएर छर्ने ।

**मरुवारोगमा के गर्ने ?**

- हिले ब्याड राख्न लगाउने ।
- बिउ बेभिस्टिन नामक विषादीले उपचार गर्ने ।
- रोग देखापरेमा हिनोसान १ मिलि प्रतिलिटर पानीमा मिसाएर छर्ने ।

**बाली काट्ने :** धानको दानाको चिस्यान १८-२० प्रतिशत भएपछि बाली काट्नुपर्छ ।

**भण्डारण :** तीन-चार दिन घाममा सुकाएर दानाको चिस्यान १३ प्रतिशतमा भण्डारण गर्दा चामल राम्रो पर्नुको साथै रोगकिराबाट पनि बचाउन सकिन्छ ।

**-रातोपाटी डटकम**

# नेपाल शिक्षक संघको २३ औं जिल्ला प्रतिनिधि सभा



**पाल्पा,** माघ २७/ नेपाल शिक्षक संघ पाल्पाको २३ औं जिल्ला प्रतिनिधि सभा भएको छ । तानसेनमा एक औपचारिक कार्यक्रम गरी संघले सभा गरेको हो । सभाको नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले उद्घाटन गरेका हुन् ।

सभाको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले शिक्षकहरुको हक अधिकारका विषयमा सशक्त भएर लाग्न संघलाई आग्रह गरे । उनले वीधि र पद्धतीमा रहेर संगठनलाई चलायमान बनाउनुपर्नेमा जोड दिए । नेपाल शिक्षक संघ संघीय उपाध्यक्ष धनकला गाहाले बाल विकास शिक्षकहरूको तलब प्राप्त नभएको अवस्था रहेकाले त्यसका लागि संघले आवश्यक पहल गर्ने बताईन । नेपाल शिक्षक संघ संघीय महासचिव ज्ञानेन्द्र बहादुर रावलले संगठनबाटै नै नेपाल शिक्षकहरूले उपलब्धी प्राप्त गरेको बताए । नेपाल शिक्षक संघ सघीय सदस्य दिपक ज्ञवालीले स्थापना कालदेखि शिक्षकहरूको हकहित र अधिकारका लागि काम गर्दै आएको बताए । नेपाल शिक्षक संघ लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष तथा पाल्पा सम्पर्क व्यक्ति नारायण प्रसाद शर्माले नेपाल शिक्षक संघमा आवद्ध हुने शिक्षकहरूको सख्या वृद्धि भएको बताए । लुम्बिनी प्रदेश सदस्य टुन वीर रेश्मीले शिक्षकहरूका माग पुरा गर्नुपर्ने बताए । नेपाल शिक्षक संघ पाल्पाका सल्लाहकार देवी भट्टराईले नेपाल शिक्षक संघ पाल्पाको एक सशक्त संगठन बन्न सफल भएको बताए । संघ संघीय प्रतिनिधि सुन्दर प्रसाद देवकोटाले शिक्षकहरूको आन्दोलनले मागहरू पूरा भएको बताए । कार्यक्रममा शिक्षक नारायण न्यौपाने, रैनादेवी छहरा शिक्षक संघका अध्यक्ष मेघराज भण्डारी, नेपाल शिक्षक संघ प्रदेश प्रतिनिधि शंकर प्रसाद पौडेल लगायतले आ-आफ्ना धारणा राखेका थिए । संघले सोही अवसरमा रैनादेवी छहरा गाउँपालिकाको शिक्षक संघलाई उत्कृष्ट पालिकाको रुपमा सम्मान समेत गरेको छ । जिल्लाका १० वटै स्थानीय मध्ये उत्कृष्ट कार्य सम्पादन गरेको भन्दै संघले पालिका शिक्षक संघलाई सम्मान गरेको हो । पालिकाका शिक्षक संघ अध्यक्ष मेघराज भण्डारीलाई खादा, माला र सम्मान पत्रले सम्मान गरिएको हो । सम्मानित भण्डारीले आगामी दिनमा संघलाई थप सशक्त र चलायमान बनाएर लैजान सम्मानले थप उत्प्रेरणा मिलेको बताए । कार्यक्रममा नाराण न्यौपानेले प्रशिक्षण दिएका थिए । संघका अध्यक्ष लक्ष्मण बस्यालको अध्यक्षता, सचिव सुन्दर गाहाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पर्यटकको बसाई ...


... कालीगण्डकी नदीसँग जोडिएको कालीगण्डकी उपत्यका, कला संस्कृतिको उर्वरभूमि, चारैतिर डाँडाकाडाँले घेरेको बीचको समथर भागमा अवस्थित रामपुर आफैँमा सुन्दर छ । पाल्पा जिल्लाकै समथर उपत्यका, विकासको प्रचुर सम्भावना बोकेको यो क्षेत्र अहिले चारैतिरको केन्द्र भागमा अवस्थित छ । पूर्वमा कालीगण्डकी करिडोर सडकमार्गले नारायणघाटसँग सिधा जोडेको, उत्तर पूर्वमा पोखरा भिमाद हुँदै रामपुर जोडिएको सडक, परिश्चममा बुटवल तानसेन रामपुर सडकखण्ड, दक्षिणमा रामपुर मित्याल अरुणखोला सडकखण्डले जोडिएको छ । तराई, पहाडसँग सिधा जोडिएको रामपुर हिजोआज धेरै यात्रुले यहीँ ठाउँ भएर ओहोरदोहार गर्ने गर्छन् ।

पर्यटकीय सम्भावना बोकेका सबै क्षेत्रमा पूर्वाधार निर्माण, रामपुरमा लोपोन्मुख अवस्थामा रहेका दरैं, कुमाललगायतका विभिन्न समुदायको भेषभूषा, सांस्कृतिक पहिचान जोगाउने, साँझमा विभिन्न समुदायको मौलिक पहिचान झल्कने संस्कृति देखाउने वातावरण, स्थानीय स्वाद दिन ठाउँ-ठाउँमा घरबास सञ्चालन गर्नुपर्ने बताउन्छन्, पर्यटन क्षेत्रमा तल्लिन लक्ष्मीनारायण गुठी संरक्षण समितिका अध्यक्ष बुद्धिप्रकाश रेग्मी । उनी भन्छन्,'अहिले हरेक व्यक्ति आफूले आर्जन गरेको धनबाट केही रकम परिवार, साथीभाइसँग घुमघाम गर्न जाने प्रचलन बढेको छ, सवारी साधनमा सहजरुपमा पुग्ने सडक गाउँमा पुगेपछि सहर बजारमा भन्दा गाउँको विकास र प्राकृतिक सुन्दरतामा धेरै लोभिन थालेकाले स्थानीयपनलाई जोड दिइयो भने पर्यटक बस्ने वातावरण बन्नेछ ।' बाहिरबाट आएका पर्यटक बस्ने वातावरण बनाउन बेला-बेलामा सरोकारवाला निकायसंग आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी सुझाव लिने, रामपुर नगरपालिकाले अनुदान दिएर बनेका पर्यटकीय तथा धार्मिक संरचनामा आगन्तुक पुस्तिका राख्नुपर्ने, थोरै भएपनि प्रवेश शुल्क उठाउने, नगरपालिकाले लगानी गरेको क्षेत्रमा बनेका संरचनाबाट आयआर्जनको वातावरण बनाउनु सकियो भने स्थानीयलाई पनि आर्थिक लाभ मिल्नेछ । रामपुर नगरपालिकाले ऐतिहासिक, पर्यटकीय, धार्मिक क्षेत्रमा पूर्वाधार विकास, सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, विजुली बत्तीलगायतको क्षेत्रमा जोड दिएको छ । सडकमार्गको पहुँच र द्रुततर विकासले रामपुर हेर्नकै लागि भनेर टाढा-टाढाबाट गन्तव्य तय गरेर आउँछन् । खाने बस्ने ठाउँको लागि भने अन्यत्र गन्तव्य बनाएका कारण पर्यटकीय क्षेत्रबाट रामपुरले आयस्रोत लिन सकिरहेको छैन । प्रचार-प्रसार, एक अर्काबीचको समन्वय नहुनु, पर्यटकीय क्षेत्रमा बनेका संरचनाको रेखदेख, आयस्रोतमा कम चासो, पर्यटन क्षेत्रलाई व्यावसायिक रुपमा अंगाल्न नसक्नु, युवाको वैदेशिक रोजगारमा आकर्षण बढ्नु जस्ता कारणले रामपुर भित्रिएका पर्यटकलाई एक/दुई दिन बस्ने वातावरण बनाउन सकिएको छैन । रामपुरमा आएका आन्तरिक तथा बाह्य पर्यटकलाई बसोबास गर्ने वातावरण बनाउन विभिन्न ठाउँ-ठाउँमा घरबास सञ्चालन गर्ने, स्थानीय उत्पादन बढाउने, कला संस्कृती, लोपोन्मुख वस्तुको संरक्षण गर्ने कार्यमा नगरपालिकाले जोड दिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । कुमाल समुदायको विद्यार्थीको बाहुल्यता रहेका विद्यालय कृष्णादेवी मावि, नवदुर्गा माविमा माटोको भाडा बनाउने सीप प्रदान गर्ने, रामपुर नगरभित्र रहेका पर्यटकीय, धार्मिक र ऐतिहासिक क्षेत्रको प्रवर्द्धन र विकास गर्ने, सबै समुदायको पहिचान झल्कने कला, संस्कृतिको उजागर गर्ने, कृषि तथा पशुपंक्षीपालन, घरेलु उद्यम, महिला उद्यमशीलताको विकास गर्ने योजना अनुरुप नगर सरकार अगाडि बढेको नगर प्रमुख थापाको भनाइ छ । नगर प्रमुख थापाका अनुसार कालीगण्डकी नदीको किनारमा पैदलमार्ग निर्माण गर्न एक करोड २० लाख रकम विनियोजन गरिएको छ । रामपुरलाई केन्द्रबिन्दु मानेर ठूला सहर बजारमा आवतजावत गर्ने क्रम बढेकाले यस वर्ष हरियाली सहर निर्माणको कार्य गर्ने र अर्को वर्ष सडक बत्ती जडानको काम गर्ने नगर सरकारको योजना छ । यहाँ शैक्षिक अवलोकनका लागि ठूलो समुहमा शिक्षक, विद्यार्थी तथा शिक्षासंग सरोकारवालाको समुह आउने जाने क्रम बाक्लिदै गएको छ । पारिवारिक जलयात्राका लागि उत्तम मानिएको विश्वकै एकमात्र शालिग्राम शिला पाइने धार्मिक, पर्यटकीय नदी कालीगण्डकी, त्रेता युगमा भगवान् रामचन्द्रले बनवास जाँदा बसोबास गरेको रामतपोभूमि, स्नान गरेको कालीगण्डकीको तट रामघाट, तपस्या गरेको गुफा, भात पकाएर खाएको रामचुलो, रामचन्द्रकी पत्नी सीता रजश्वला हुँदा रामले रामघाटबाट बाँण हानेर स्नान गर्न बनाएको सीताकुण्ड यहाँका प्रख्यात ऐतिहासिक ठाउँ हुन् । तालपोखरा, बुद्धपार्क, गौशाला तातोपानीधाम, सिद्धबाबाधाम, पर्यटकीय क्षेत्र रहेको राम्चे सामुदायिक वन, रानीवन तथा वडभान सामुदायिक वन, ज्याग्दी बृहत् पार्क, बाँधको ढाडक्षेत्र, लखन थापापार्क, शालिग्राम संग्राहालय टापुधाम, छाङ्दी झरना, बाँदरकुने क्षेत्र, घट्टार, बशिष्ठगुफा, रामजानकी मन्दिर, मौलाकालिका मन्दिर, कालीगण्डकी नदीले घेरेको खैरेनी सामुदायिक वन लगायतका क्षेत्र घुम्न लायकका छन् । यहाँ पर्यटक लक्षित विभिन्न भौतिक संरचना तयार पारिएको छ । निजी सवारीसाधनमा करिब तीन घन्टामा रामपुर-गैडाँकोट, रामपुरदेखि भिमाद हुँदै पोखरा, रामपुर-बुटवलसम्म सहजै पुगिन्छ । दूरीको हिसावले छोटो यात्रा पर्ने भएकाले हिजोआज निजी सवारीसाधनमा पाल्पा सदरमुकाम तानसेन, अर्घाखाँची, गुल्मी, स्याङ्जालगायतका यात्रुले रामपुरलाई आधार बनाएर कालीगण्डकी करिडोर सडकमार्ग प्रयोग गरेर नारायणघाट, काठमाडौँसम्मको यात्रा गरिरहेका छन् ।

**-रासस**

## खेलकुद समाचार

# नेपाललेद्वारा क्यानडा पराजित



**काठमाडौं,** माघ २७/क्यानडासँगको दोस्रो एकदिवसीय क्रिकेट पनि नेपालले जितेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा क्यानडाले दिएको २ सय ८६ रनको लक्ष्य नेपालले ४५ ओभर एक बलमा ६ विकेट गुमाएर भेटायो । नेपालको जितमा कीर्तिमानसहित तीन जना खेलाडीले अर्धशतक प्रहार गरे । शनिबार भएको खेलमा अनिल शाहले एकदिवसीय क्रिकेटमा नेपालका लागि सबैभन्दा छिटो अर्धशतक बनाएका हुन् । अनिलले १९ बलमै ५० रन बनाए । उनले ७ चौका र ३ छक्का प्रहार गरे । बिसौं बल खेल्दा भने आउट भए । यसअघि आसिफ शेखले गएको वर्ष पपुवा न्युगिनीसँगको खेलमा २१ बलमा अर्धशतक बनाउँदै रेकर्ड बनाएका थिए । त्यो रेकर्ड अनिलले तोडेका हुन् । यस्तै, कप्तान रोहित पौडेलले ८७ र देव खनालले ७६ रन बनाए । यस्तै, भीम सार्कीले २३, पवन सर्राफले १४ र आशिफ शेखले १० रन बनाए । सोमपाल कामी र कुशल मल्ला समान९/९ रनमा नटआउट रहे । शनिबार भएको जितसँगै तीन खेलको शृङ्खला नेपालले एक खेलअघि नै जितेको छ ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको क्यानडाले ५० ओभरमा ९ विकेट गुमाएर २ सय ८५ रन बनायो । उसका आरोन जोनसनले सर्वाधिक ६५ र नवनित धलिवालले ४६ रन बनाए । बलिङतर्फ नेपालका रोहित पौडेल र कुशल मल्लले २/२ तथा सोमपाल कामी, सूर्य तामाङ, पवन सर्राफ र आकाश चन्दले एक/एक विकेट लिए । आकाश चन्दले सिनियर टोलीमा शनिबार नै डेब्यु गरेका हुन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# पाँच वर्षमा १५ खर्बको बजेट छुट्याउन सरकारलाई सुझाव




**पाल्पा,** माघ २७/निर्यात व्यवसायीहरुले मुलुकको व्यापार घाटा घटाउन ५ वर्षमा १५ खर्बको बजेट छुट्याउन सरकारलाई सुझाव दिएका छन् ।

शुक्रबार नेपाल हस्तकला महासंघले सदस्य वस्तुगत संघहरु नेपाल निर्यात परिषद् र फुटवेयर म्यानुफेक्चरर्स एशोसिएशन अफ नेपालका नवनिर्वाचित पदाधिकारीहरु तथा कार्य समिति सदस्यहरुको सम्मानमा आयोजना गरेको कार्यक्रममा निर्यात व्यवसायीहरुले यस्तो सुझाव दिएका हुन् ।

कार्यक्रममा नेपाल निर्यात परिषद्का अध्यक्ष नरेशलाल श्रेष्ठले सरकारले व्यापार घाटा घटाउनुपर्छ भन्दै आएपनि निर्यात बढाउन गर्नुपर्ने कार्यक्रमहरु भित्रि मनबाट नगरेको आरोप लगाए । अब व्यापार घाटा घटाउनका लागि ५ वर्षमा १५ खर्बको बजेट छुट्याउन जरुरी रहेको बताए । उनले निर्यात गर्ने उद्योगीहरुका लागि छुट्टै संस्था वा विभाग नभएका कारण समस्या भइरहेको पनि बताए । कार्यक्रममा हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले ४२ विधामा १२ अर्ब बराबरको हस्तकलाका सामान ६० देशमा निर्यात भइरहे पनि सरकारले निर्यातलाई थप सहज बनाउन नसकेको बताए ।

निर्यात व्यवसायलाई थप सहज बनाउन आफूहरुले तीनै तहका सरकारमार्फत हस्तकला क्षेत्रका लागि नीति निर्माणको पहल गरिरहेका पनि बताए । मुलुकभर करिव १० देखि ११ लाख हस्तकला क्षेत्रमा व्यवसायी गर्दै आएका छन् । कार्यक्रममा फुटवेयर म्यानुफेक्चरर्स एशोसिएशन अफ नेपालका नव निर्वाचित अध्यक्ष रुद्रप्रसाद न्यौपानेले फुटवेयर लगायत छाला तथा छालाजन्य वस्तुहरुमा गर्नसक्ने काम फरक ढङ्गबाट शुरु गर्ने बताए ।

## मोवाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

***अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।***



नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई